Email: rajni.dhakal@cdn.tu.edu.np DOI: https://doi.org/10.3126/vangmaya.v18i1.47088

# 'म जुजुमान' कथाको लकानेली मनोविश्लेषण

**डा. रजनी ढकाल**


## लेखसार

*प्रस्तुत लेखमा 'म जुजुमान' कथामा लकानेली परिकल्पना पद्धतिको प्रयोग कसरी भएको छ र त्यसले 'गोठाले' का कथामा कस्तो प्रभाव पारेको छ भन्ने मूल जिज्ञासाको समाधान खोजिएको छ । गोविन्दबहादुर मल्ल 'गोठाले' मनोविश्लेषणात्मक कथा लेख्ने स्रष्टा हुन् र उनका कथालाई मनोविश्लेषणका फ्रायडेली र उत्तर फ्रायडेली सन्दर्भबाट अध्ययन गर्नु उपयुक्त हुन्छ । यस अध्ययनमा उत्तर संरचनावादी मनोविश्लेषक ज्याक लकाँको परिकल्पना-पद्धतिका कोणबाट अध्ययन गरिएको छ । मानिसको मनोजगत् आफ्नै मनको चेतन र अचेतनको द्वन्द्वमा रुमलिनुको मूल कारण समाज र भाषा हो र यसै द्वन्द्वमा मान्छेले अभाव, अस्पष्टता र अपूर्णताको अनुभव गरिरहन्छ भन्ने लकानेली मान्यतालाई आधार बनाई यस अध्ययनमा 'गोठाले' को म जुजुमान कथाको विश्लेषण गरिएको छ । सम्बद्ध कथाको सूक्ष्म पठन गर्दै मूल पात्र जुजुमानको द्वन्द्वरत मनोदशाको विश्लेषणबाट जुजमान पात्रमा देखिएको द्वैध चरित्र समाजको अवस्थाका कारण निर्मित भएको हो र परिकल्पना पद्धतिको प्रयोगले जुजुमानको चरित्रगत विशिष्टतामार्फत 'गोठाले' को यो कथा जीवन्त बन्न पुगेका छ । यस कथाले जुजुमानको मनोदशामार्फत तत्कालीन समाजको सङ्क्रमणकाली समयलाई चिनाउन सफल भएको छ भन्ने निष्कर्ष यस अध्ययनमा निकालिएको छ ।*


**शब्दकुञ्जी** : परिकल्पना पद्धति, ल-होमलेट, भ्रमपूर्ण अवस्था, एकत्व, दूरी, ऐना प्रकरण ।

# [Lacanian Psychoanalysis of the Story 'Ma Jujuman'

**Dr. Rajni Dhakal**


## Abstract

This article explores the solution to the basic question of how the Lacanian imaginary is used in the story 'Ma Jujuman' and how it has affected the story of the 'Gothale'. Govinda Bahadur Malla 'Gothale' is the author of psychoanalytic fiction and it is appropriate to study his story in the context of Freudian and post-Freudian psychoanalysis. This study is analyzed from the perspective of post-structuralist psychoanalyst Jacques Lacan's imaginary. The study analyzes the story of the 'Gothale' from the lens of Lacanian psychoanalysis. This study is based on the Lacanian idea of that human mind is guided by the society and language. Due to this, there is always conflict between the conscious and the unconscious mind. A meticulous reading of the related story reveals that the dual character seen in the main character, Jujuman's character is formed due to the state of society and the use of imagination that has made

Jujuman's characteristic quite unique. The study concludes that this story has succeeded in identifying the transitional period of society through Jujuman's mood.

**Keywords:** Imaginary Method, L-Homelet, Unity, Distance, Mirror Stage]

## विषयपरिचय

गोविन्द 'गोठाले' (वि. सं. १९७९–वि. सं. २०६७) का कथामा मानव जीवनका विविध आयामको विश्लेषण गरिएको छ । उनका कथामा मनोविश्लेषणका अध्येता फ्रायड, एडलर, युङदेखि लकाँसम्मको मनोविश्लेषणीय प्रयोग छ । मनोविज्ञानका दृष्टिले मानव मनको क्षेत्र अत्यन्त जटिल रहेको छ । मानवको मनोविज्ञानलाई उसका व्यक्तिगत चेतन र अचेतनका द्वन्द्वले त प्रभावित गर्छ नै साथसाथै एकल तथा सामूहिक संस्कृतिहरू, सामाजिक जीवनका क्रममा उत्पन्न हुने हीन भावना तथा भाषा र सामाजिक संरचनाले समेत प्रभावित पार्छन् भन्ने कुरा मनोवैज्ञानिक अध्ययनबाट प्रस्ट हुन्छ । उत्तर फ्रायडेली समालोचक तथा फ्रायडेली मान्यताका पुनर्व्याख्याता उत्तर संरचनावादी चिन्तक ज्याक लकाँको मनोविश्लेषणात्मक सिद्धान्त परिकल्पना पद्धतिका प्रयोगका दृष्टिले 'गोठाले' को 'म जुजुमान' कथा कथा महत्त्वपूर्ण देखिन्छ । बाल्यकालको अपरिचयको स्थितिमाझैं मानिस जीवनभर परिचयको सङ्कटमा हुन्छ । यसै कारण ऊ द्वन्द्वग्रस्त मनस्थितिमा बाँचिरहेको हुन्छ। मानिस सामाजिक अवस्थाकै कारण अपरिचयको मनस्थितिमा रुमलिरहेको हुन्छ भन्ने मान्यता नै परिकल्पना पद्धतिको मूल चिन्तन हो । 'म जुजुमान' कथाको मूल पात्र जुजुमानमा लकानेली परिकल्पना पद्धतिको खोजी गर्ने मूल उद्देश्यमा केन्द्रित रहेको यस अध्ययनमा यस कथाको अध्ययन गर्ने लकाँको परिकल्पना पद्धतिलाई सैद्धान्तिक आधार बनाइएको छ । यस अध्ययनमा 'गोठाले' को 'म जुजुमान' कथाको मूल पात्र जुजुमानको द्वन्द्वमय चरित्रका अवस्थाबाट सिर्जित भएको अपरिचयको स्थितिलाई परिकल्पना पद्धतिका कोणबाट विश्लेषण गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न गोविन्द 'गोठाले' को 'म जुजुमान' कथामा प्रयुक्त लकानेली परिकल्पना पद्धतिको तथ्य र तथ्याङ्कलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । यहाँ कथाको गहन पठन गरी तथ्याङ्कको सङ्कलन गरिएको छ। यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ। उपर्युक्त दुबै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी 'म जुजुमान' कथामा परिकल्पना पद्धतिको एकत्व र दूरीको अनुभव, 'आफू को हुँ' भन्ने सङ्कटबोध र परिचयको दुविधा जस्ता मान्यताका आधारमा पाठविश्लेषण विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

## ज्याक लकाँको मनोविश्लेषणात्मक मान्यता र परिकल्पना पद्धति

फ्रान्सेली मनोविश्लेषक ज्याक मारी एमिल लकाँ (सन् १९०१–१९८१) उत्तरसंरचनावादी चिन्तक हुन् । उनले फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्तलाई दर्शन, भाषाविज्ञान, साहित्य र गणितका सन्दर्भबाट व्याख्या गरेका छन् (क्लार्क, सन् १९९४, पृ. ४५०) । लकाँले फ्रायडेली मनोविश्लेषणलाई पर्याप्त विस्तार गरेका छन् र यसलाई भाषिक रूप दिएका छन् । लकाँको अध्ययन नवमनोविश्लेषणात्मक संरचनाबाट नव आयाम प्राप्त छ (त्रिपाठी, २०५६/०५७, पृ. ८१) । लकाँले मानवमनलाई चिनाउन तीनवटा पद्धतिहरूबारे अध्ययन गरेका छन् । ती हुन् : परिकल्पना पद्धति, साङ्केतिक पद्धति र वास्तविक

पद्धति । यीमध्ये परिकल्पना पद्धतिको प्रारम्भ चाहिँ शिशु भाषाको संसारमा छिर्न अगावै हुन्छ । शिशुको प्रारम्भिक अवस्था शारीरिक अव्यवस्थाको अवस्था हो जसमा शिशुले आफ्नो तथा आफ्नी आमाको शरीरबिच कुनै भेद खुट्ट्याउन सक्दैन । शिशुको अबोधावस्थाले आफ्नो र आमाको शरीरलाई एउटै हो भन्ठानेको हुन्छ । त्यस अवस्थामा आफ्नो दिसापिसाब गर्न र आफ्ना शारीरिक प्रक्रियाहरूलाई नियन्त्रण गर्न समेत नसक्ने हुँदा शिशुले आफूलाई अस्तव्यस्त र अस्पष्ट अनुभूतिहरूको रूपमा मात्र अनुभव गर्छ। यस्तो अवस्थालाई लकाँले 'ल-होमलेट' (LÚhomelette) को अवस्था भनेर नामकरण गरेका छन् । ल-होमलेटको यस्तो अवस्थामा शिशुको 'म' अर्थात् व्यक्तिगत अहम् वा परिचयको सुरुवात भएको हुँदैन । शिशुको व्यक्तिगत अहम् वा 'म' भन्ने भावनाको सुरुवात ऐना प्रकरणका समयमा हुन्छ (लकाँ, सन् १९७७, पृ.२) । लकाँको भनाइअनुसार ऐना प्रकरण शिशु ६ महिनादेखि १८ महिना हुने बेलासम्म कुनै पनि समयमा घटित हुन सक्छ। यस प्रकरणका समयमा शिशुले पहिलोपल्ट आफ्नो छवि ऐनामा हेर्छ र त्यो छवि 'स्व' वा 'अन्य' हो भन्ने बुझ्छ। ऐनामा देखिएको 'म' हुँ भन्ने बुझ्नेबित्तिकै शिशुको अहम्को प्रारम्भिक सुरुवात हुन्छ । त्यो समयमा शिशुले आनन्द अनुभव गर्छ तर साथसाथै पीडा र बेमेलको अनुभूति पनि गर्छ । पहिलोचोटि आमाको शरीरबाहिर आफ्नो पृथक् अस्तित्व रहेछ भनेर रमाएको शिशु आफ्नो 'म' हुनुको अनुभूतिमा रमाउँछ तर साथसाथै ऐनामा देखिएको छविमा आफू नभएको अनुभूति गर्दै पीडा पनि महसुस गर्छ । ऐनामा देखिएको 'स्व' प्रतिविम्बमा एकरूपता हुन्छ । त्यस विपरीत शिशुले आफ्नो जैविक शरीरमा अस्तव्यस्त अनुभूतिहरू मात्र पाउँछ (लकाँ, सन् १९७७, पृ. ३) । ऐनामा देखिएको स्वप्रतिविम्ब र आफ्नो जैविक शरीरबिच रहेको दूरी र बेमेलको अनुभूति गर्दै ऊ दुःखित हुन्छ र पीडायुक्त पृथकताको अनुभव गर्छ (उप्रेती, २०६९, पृ. ५५) । लकाँका अनुसार मानिसमा चेतनको 'म' र अचेतनको 'म' बिच स्व (सेल्फ) र अन्य (अदर)को द्विचर सम्बन्ध छ र पहिलो 'म' को केन्द्रीयतामा भन्दा अचेतन 'म' को सक्रियता ज्यादा हुन्छ । मानिस सधैँ अचेतनद्वारा शासित छ भन्दै लकाँले अहम् केवल कल्पना हो र चेतनद्वारा चलेको सोच्नु भ्रम हो भन्ने विचार स्थापित गरे (गौतम, २०७१, पृ. १५०) । मानिसले बोल्ने र गर्ने हरेक क्रियाकलाप अचेतनबाट निर्देशित छ भन्ने लकाँको मत रहेको छ ।

लकाँको चिन्तन भाषाविज्ञान र फ्रायडेली मनोविश्लेषणको गम्भीर पठनमा आधारित छ (हबिब, सन् २००८, पृ. ९१) । यसकै आधारमा उनले मानवीय मनोविश्लेषणमा सङ्केतक र सङ्केतितको मान्यतालाई भित्र्याएका छन् । उनले यस धारणामा आफ्नो चिकित्साशास्त्रीय अध्ययनको पनि संयोजन गरेका छन् । यही आधारमा उनले अचेतनको संरचना भाषाको संरचना जस्तै हुन्छ भनेका छन् (लकाँ, सन् १९७७, पृ. ४९–५०) । फ्रायडको तर्क भने सपनासँग जोडिएको थियो । उनले रूपक (मेटाफोर) र समीपिका (मेटोनमी) जस्ता भाषागत प्रयोगहरू सपना मार्फत् हुने अचेतनमा भेटिन्छ भन्ने तर्क राखेका थिए तर सपनामा सङ्घनन (कन्डेन्सन) तथा स्थानान्तरण (डिस्प्लेसमेन्ट) मार्फत् व्यक्त हुने मेटाफोर र मेटोनमी जस्ता भाषागत प्रयोगलाई पनि फ्रायडले यौनेच्छासँग जोडेका थिए । लकाँले भने अचेतनलाई यौनेच्छा र भाषाको समग्र संरचना अनि भाषिक कार्यसँग जोडेका छन् (लिच, सन् २००१, पृ. १२८३) । लकाँका अनुसार भाषा भनेको रूपक, समीपिका, श्लेष जस्ता वाक्कलाको खेल हो जहाँ अचेतन समावेश हुन्छ (गौतम, २०७१, पृ. १५७) । ससुरको भनाइ अनुसार सङ्केतक र सङ्केतितबिच अविच्छिन्न सम्बन्ध हुन्छ तर लकाँको मतमा सङ्केतित सङ्केतकहरूको अन्तहीन शृङ्खलामा लगातार चिप्लिरहन्छ (लकाँ, सन् १९७७, पृ. ५३) । अचेतनले यस्तो सङ्केतितको चाहना गर्छ जहाँ गएर त्यो अनन्त चिप्लाइको अन्त होस् र समय तथा इतिहासभन्दा माथि रहेको सार्विक सङ्केतितको प्राप्ति होस् । उनका विचारमा भगवान्, सार्विक सत्य वा अन्तिम सत्य आदिको खोज त्यही अभाव/अचेतनले चाहेको अनुभवातीत सङ्केतित (ट्रान्सेन्डेन्टल सिग्निफाइड) को खोज हो । विडम्बना के छ भने साङ्केतिक पद्धतिमा प्रवेश गर्नासाथ भाषाको

संसारमा होमिन पुगेको मानव एउटा सङ्केतबाट अर्को सङ्केततिर चिप्लिरहन्छ तर अनुभवातीत सङ्केतितलाई कहिल्यै पनि प्राप्त गर्न सक्दैन (लकाँ, सन् १९७७, पृ. ८५)। यसै अप्राप्तिको कारणले व्यक्तिको मनमा अभाव (ल्याक) को सिर्जना हुन्छ जसलाई लकाँले भाषाले गर्ने बन्ध्याकरण (कास्ट्रेसन) पनि भनेका छन् ।

भाषामा हुने अर्थको चिप्लाइ र त्यसबाट उत्पन्न अभाव (ल्याक) तथा साङ्केतिक बन्ध्याकरण (कास्ट्रेसन) को कारणले गर्दा मानिसको आत्मगतता (सब्जेक्टिभिटी) हर क्षण परिवर्तित भइरहने विभिन्न किसिमका अन्तर्विरोध तथा आन्तरिक विरोधाभासबाट संरचित हुन्छ। यदि मानव आत्मगतता, अभाव तथा भाषाको संसारमा छिर्नासाथ घटित हुने कास्ट्रेसन मार्फत निर्मित नभएको भए उक्त आत्मगततामा एकरूपता हुने थियो तर अचेतनमा (भाषाको संसारमा) अर्थहरू चिप्लिरहने हुनाले मानव आत्मगतता विरोधाभासी इच्छा तथा स्वैरकल्पनाहरूबाट सधैँ प्रभावित रहन्छ ।

लकाँको भनाइअनुसार परिकल्पना पद्धति, साङ्केतिक पद्धति र वास्तविक पद्धति एकअर्कासँग अविभाज्य ढङ्गले जोडिएका हुन्छन् (इभान्स, सन् १९९६, पृ. १८–१९) । मानव अचेतन सजिलै बोध गर्न नकसिने विषय हो । यसको सम्बन्ध र त्यसबाट निर्मित बनोट नै जटिल हुन्छ। यो यौनबाट, समाजबाट र जीवनका विभिन्न भोगाइबाट एकसाथ निर्देशित हुन्छ। लकाँले बनाएका तीनवटा पद्धति (परिकल्पना पद्धति, साङ्केतिक पद्धति र वास्तविक पद्धति) हरूमध्ये परिकल्पना पद्धतिलाई ऐना प्रकरणसँग जोडेर व्याख्या गरेका छन् (लकाँ, सन् १९७७, पृ. ४) । उनको मतअनुसार ऐना प्रकरण शिशुको जीवनको निश्चित अवधि (६ महिनादेखि १८ महिनाभित्र)मा घटित हुने भए तापनि ऐना प्रकरण सँगसँगै प्रारम्भ भएको परिकल्पना पद्धति चाहिँ मानिसको जीवनभरि नै घटित भइरहन्छ (उप्रेती, २०६९, पृ. ५६)। जसरी शिशु ऐनामा आफ्नो छाया हेर्दै 'म त्यो हुँ' भन्दै रमाउँछ र साथसाथै म त्यो होइन (वा म त्यो छविमा छैन) भन्ने पीडाबोध गर्छ त्यसरी नै ठूलो भएपछि त्यस शिशुले जीवनका विभिन्न क्षणहरूमा परिकल्पनाको साङ्केतिक ऐनामा अरू थुप्रै व्यक्ति, समूह वा विचारसँग एकत्व र दूरी सँगसँगै अनुभव गर्दै आनन्द र पीडा साथसाथै भोगिरहन्छ। कास्टल (सन् २००७) का अनुसार यो समय उसको त्यस्तो परिकल्पनाको समय हो जहाँ दमित स्वैरकल्पना र कल्पनाहरू विस्तारै परिकल्पनाका रूपमा बाहिर आउँछन्। लकाँले यसको विकासमा भाषाको प्रधान भूमिका हुने कुरा औँल्याएका छन् । व्यक्ति प्रौढ हुँदै जाँदा उसका इच्छाहरू पनि पराधीन बन्छन् तर ऊ पराधीनतामा नै रमाउँदै वा आत्मसातीकरण हुँदै जान्छ । सामाजिक जीवन, पारिवारिक जिम्मेवारी आदि जस्ता कारण व्यक्ति पराधीन हुन्छ। फेरि अरु परिचयमा बाँधिएको अवस्थामा पनि व्यक्तिले आफूलाई त्यहाँ पनि भेट्न सक्दैन। जस्तो देशको राजनीतिक पार्टीसँगको आबद्धता स्वीकार गरेर एउटा व्यक्तिले आफूलाई त्यही पार्टीको अभिन्न अङ्ग वा त्यही हुँ भन्ने मान्छ तर त्यो व्यक्ति वास्तविक जीवनमा ऊ एक्लै हुन्छ । आफ्ना समस्याहरूसँग व्यक्ति आफैँ जुध्छ । शैशव कालमा ऐनामा देखिएको आफ्नै प्रतिविम्बलाई हेर्दै रमाए झैँ ऊ त्यस राजनीतिक पार्टी र त्यससँग आबद्ध नेताहरूको सफलतासँग आफूलाई एकत्व स्थापित गरेर रमाउँछ तर ऐना प्रकरणमा उसले अनुभव गरेको पीडादायक पृथकताझैँ त्यो पार्टी र नेताहरूसँग स्थापित गरेको एकत्व पनि सधैँ डगमगाइरहेकै हुन्छ (http://www.academia.edu) । बालकले ऐनामा, अरू मान्छेमा वा वस्तुमा पनि आफ्नो प्रतिबिम्ब देख्न थाल्छ र भ्रमपूर्ण (बष्भिलबतभम) हुँदै जान्छ। यसले गर्दा उसले आफ्नै 'स्व' को अनुभव गर्न सक्दैन (बराल, २०७२, पृ. ८८) । यस्तो अवस्था मानिसले जीवनभर अनुभूत गरिरहेको हुन्छ ।

मानिस जीवनमा कुनै व्यक्ति, संस्था वा पक्षप्रति आफ्नो परिचय जोडेर फरक परिचय स्थापित गर्न र सुरक्षित बन्न चाहन्छ तर आफूलाई परेको अवस्थामा ऊ फेरि परिस्थितिसँग एक्लो नै भएर जुझिरहेको हुन्छ । पहिचान र परिचयका लागि मानिसले खोजेको आश्रय र त्यो आश्रयसँगको एकत्व तथा दूरी दुवैको अवस्थाले मानिस जीवनमा सधैँ द्वन्द्वरत हुन्छ। मानिसको मनभित्रको

यही सङ्कटलाई लकाँले परिकल्पना पद्धतिबाट स्पष्ट पारेका छन् ।

## 'म जुजुमान' कथाको लकानेली विमर्श र परिणाम

गोविन्द 'गोठाले' को 'म जुजुमान' कथामा जुजुमानको द्वन्द्वरत मनस्थितिमा उत्पन्न अपरिचयको सङ्कट पाइन्छ । कथाको सुरुदेखि अन्त्यसम्म जुजुमानमा यो अवस्था रहेको छ । २००७ सालको राजनीतिक परिवर्तनको समयसँग जोडिएको समयमा एउटा सामान्य चामल व्यापारी जुजुमानले परिवर्तित समय, त्यसबाट प्राप्त नयाँ सत्ता र शक्तिका नजिक रहेका राजनीति व्यक्ति तथा आफ्नो साढुभाइसँग नजिक हुन चाहेको र आफ्नो वर्ग र फरक परिचयले नजिक हुन पनि नसकेको द्वन्द्वपूर्ण मनस्थितिले उसको विभग्न मनोदशाको चित्रण गरेको छ। समाजमा वर्गीय असमानतासँगै परिवर्तित राजनीतिक अवस्थाले पनि मानिसमा यस्तो भ्रमपूर्ण सिर्जना हुने कुरा कथाले देखाएको छ । परिवर्तित राजनीतिक अवस्थाको सङ्क्रमणकालीन समयले पनि मानिस अपरिचयको द्वन्द्वमा भासिने अवस्थालाई कथाले चिनाएको छ। यस अध्ययनमा सामाजिक अवस्थाका अनेक कारण र आफ्नै मनस्थितिले परिचयको यही दोहोरो द्वन्द्वमा परेका पात्रको अवस्था र तिनले कथामा सिर्जना गरेको कौतूकमय मनोगत अवस्थालाई विश्लेषण गरिएको छ । जुजुमानमा अनेक सामाजिक घटना र प्रभावले अपरिचयको स्थितिमा परेको मनस्थितिको विश्लेषण गरिएको छ ।

## एकत्व र दूरीको अनुभव

'गोठाले' को 'म जुजुमान' कथाको पात्र जुजुमानमा एकत्व र दूरीको अनुभवले कथालाई रोचक बनाएको छ। यस कथाको पात्र जुजुमान ल-होम्लेटको अवस्थामा छ । जुजुमान तत्कालीन समाजको निम्न र निम्नमध्यम वर्गीय समूहलाई प्रतिनिधित्व गर्ने पात्रका रूपमा कथामा प्रस्तुत भएको छ । कथामा साढुभाइ जो समाजमा उच्च वर्गका व्यक्ति, शिक्षित, राजनीतिक रूपमा चेतनशील र राजनीतिक परिवर्तनले लाभ पाएका वर्गका रूपमा चिनिएको छ ऊ र उसको समूहसँग एकत्वको भाव र दूरीको भाव एकैपल्ट देखाउँछ । साधारण जनताको हैसियतमा रहेको ऊ सहरदेखि परको गाउँको चामल व्यापारी हो । सात सालको राजनीतिक परिवर्तनमा राजनीतिक चेतनाका तहका सहभागी हुन पनि नसकेको र सो परिवर्तनबाट लाभ लिन पनि नसकेको चरित्रका रूपमा उसको उपस्थिति कथामा छ । सामान्य जीवन चलाएर बाँच्ने बानी परे पनि उसमा पनि देशमा भएको परिवर्तनको लहरले केही तानेको पनि छ । तापनि परिवर्तनबाट प्राप्त सत्तालाई न उसले नजिकबाट देखेको छ न उसले कुनै लाभ पाएको महसुस गरेको छ। राजनीतिसचेत र केही जान्नेसुन्ने साढुजस्ता व्यक्तिका लागि सहरमा आएको परिवर्तनप्रति उसले केही नजिकको नाता देखाउन खोजेको छ । परिवर्तनबाट सत्ताको लाभ पाएको साढुसँग नजिकको नाता देखाउने उसको अचेतनको चाहनामा एकत्वको भाव देखिन्छ। त्यसैले त ऊ सहर जान बाटामा हिँडिरहेको बेला एउटा किसानलाई साढुको उच्च तह र हैसियत सुनाउन उत्सुक देखिन्छ। कसैलाई नचिन्ने किसानलाई साढुको हैसियत सुनाउन चाहनु सत्ता र शक्तिसँग एकत्वको अनुभव गर्नु होः "तर मलाई भने केही कुरा भन्ने मनमा उलुउलु भइरहेको थियो - पछि मैले च्याट्ट भनेँ - 'थाहा छ, मेरी सालीको पोइ अड्डामा सेक्रेटरी छ रे ।" ('गोठाले', २०५२, पृ. १६४) नचिन्ने मान्छेसँग अनायास साढुको बखान गर्नु मात्र होइन आफ्नो अवस्थालाई कमजोर र तल्लो तहको सोच्दा सोच्दै पनि उच्च वर्गका मानिसको नजिक जान खोज्नुमा पनि एकत्वको भाव छ । साढुभाइलाई पहिले नमस्कार गर्ने जुजुमानको अचेत मनमा ऊप्रतिको आकर्षण रहेको देखिन्छ ।

जुजुमानले साढु र उसको वर्गलाई सजिलै स्वीकार गर्न सकेको छैन । सबैसँग उसले आफ्नो एकत्व भेट्न सकेको छैन । उसले एकपटक गइसकेको सालीको घर नचिन्नु, भोजमा पुगेर सबैले खाएको चुरोटको खिल्ली समेत नतानी आफ्नै सस्तो फुलमार चुरोट झिक्नु, सबैले भोज खाएको ठाउँमा बस्न नसक्नु, तल्लो तहका व्यक्तिसँग पनि नजिक हुन नसक्नु, अनायास पिसाब फेर्ने

बहानामा भोजस्थल छोडेर नखाई बाहिरिनु आदि घटनाले ऊ साढुभाइको शक्ति र वर्चस्वमा रहेको वर्गप्रति दूरीको अनुभव गरेको पुष्टि हुन्छ ।

कथामा जुजुमानको परिचय बारम्बार भत्किँदै बन्दै गरेको छ । समयको परिवर्तनले भत्काउँदै उसले आफूलाई राजनीतिक वर्गको नजिक पनि लग्न चाहेको छ तर वर्चस्वका तामझाममा आफू सहज बन्न सकेको छैन । कथामा जुजुमान म यो हुँ या त्यो हुँ को भ्रमपूर्ण स्थितिबाट उसमा बिरानोपन (एलियनेटेड) को स्थितिमा पुगेको छ । उसले आफ्नो सामान्य परिचय र साढुभाइको सत्ता र शक्तिको नजिक रहेर लाभ लिने समाजले भनिएको उच्च तहको परिचयमा एकै पल्ट एकत्व र दूरीको अनुभव गरिरहेको देखिन्छ । आफूलाई म जे हुँ त्यो हुँ भन्ने ठान्न कर गरिरहेको उसको मनस्थितिले पनि ऊ आफूले सोचेको परिचयमा होइन भन्ने अर्थ बुझाइरहेको छ ।

## 'आफू को हुँ' भन्ने सङ्कटबोध

'गोठाले' को 'म जुजुमान' कथामा 'आफू को हुँ' भन्ने सङ्कटबोधको स्थिति पाइन्छ । परिकल्पना पद्धतिमा मेल खाने गरी आफ्नो परिचय र स्थितिमा द्वन्द्व सिर्जना भएको यस कथाको पात्र हो जुजुमान । कथामा जुजुमानले आफूलाई निम्नमध्यम वर्गीय चरित्रका रूपमा कथामा परिचित गराए पनि आफू त्यही सामान्य वर्गको मानिस हुँ भनी बारम्बार आत्मस्वीकारोक्ति प्रकट गरे पनि ऊ पनि आफ्नै परिचयको सङ्टमा परेको छ । उसले आफ्नो र साढुभाइको वर्गीय परिचयमा एकत्व र दूरी सँगसँगै अनुभव गरेको छ । समाजको वर्गीय र तहगत संरचनाले जुजुमानलाई आफ्नो साढुभाइ र उसका तहका मान्छेभन्दा तल्लो वर्गमा पारेर हीन भावना मात्रै उत्पन्न गराएको छैन, उसले आफ्नै परिचयात्मक अस्तित्वलाई सङ्कटमा पारेको छ । ऊ बारम्बार आफ्ना पुराना, खुम्चेका लुगा हेर्दै जे लगाए पनि म जुजुमान भन्ने अभिव्यक्ति त दिन्छ तर त्यसमा ऊ ढुक्क र विश्वस्त बन्न सक्दैन । ऊ आफ्नै तहको निम्नमध्यम वर्गीय परिचयमा रमाउन सकेको देखिन्न । साढुभाइको भोजमा गएर न ऊ माथिल्लो वर्गका भनिएका मान्छेसँग रमाएर सँगै भोज खान सक्छ न आफ्नै तहका भनिएका ड्राइभर र कामदार पाहुनासँग मिसिएर रमाउन सक्छ । परिचयको द्वन्द्वले गर्दा नै ऊ नखाईकनै भोजस्थलबाट बाहिरिन्छ । जुजुमानले आफूलाई कुनै पनि परिचयमा राख्न नसक्नुले उसको यस अवस्थालाई ऐना प्रकरणको परिकल्पना पद्धतिसँग व्याख्या गर्न सकिन्छ । जुजुमानलाई आफू 'को हुँ' को द्वन्द्व छ भन्ने कुराको प्रमाण कथाको अन्त्यमा उसले गरेको बाल्यकालीन सम्झनाका घटनाले पनि पुष्टि गर्छ । उसले आफूलाई माथिल्लो वर्गकासँग पुऱ्याउन कथाको अन्त्यमा सानोमा आफूले बाबुलाई छलेर पैसा चोरी बाह्रामासा खेल्न हिँडेको, गाउँबाट दाउरा बेच्न आएकालाई 'कुजात' भनी गाली गरेकोबाट पनि प्रमाणित हुन्छ । जुजुमान न आफ्नो निम्नमध्यम वर्गीय परिचयमा सन्तुष्ट छ न आफूलाई उच्च वर्गको हुँ भनाउन चाहन्छ (काफ्ले, २०७३, पृ. २३५) । उसमा उच्च वर्गकासँग नजिक हुने अचेतनको लालसा पनि छ ।

कथामा जुजुमान लगभग आफ्नो परिचय गुमाएको अवस्थामा उभिएको छ । कथाको अन्त्यमा जुजुमान आफ्नै आमाको गर्भमा हराउन चाहेझैँ अर्धचेतन अवस्थामा पुगेको छ । केही नखाई भोजबाट फर्केको जुजुमानले न त घरमा गएर खान सकेको छ न त आफूलाई भोक लागेको कुरा प्रकट गर्न सकेको छ बरु उल्टै मरेकी आमालाई सम्झेर आत्मग्लानिमा भुलेको छ : "आमा, म यहाँ छु । मलाई कोहीसँग पनि रिसराग छैन । तर मलाई यस्तो होला भन्ने केही पनि थाहा थिएन, केही थाहा थिएन" ('गोठाले', २०५२, पृ. १७२) । आफ्नो परिचय गुमाएको अवस्थामा जुजुमान मृत आमालाई सम्झेर अस्तित्वहीनझैँ भएको छ। जुजुमानको यो अवस्था ल-होम्लेटको अवस्थासँग पनि तुलनीय देखिन्छ । यस कथाको सुरुमा ऊ आफूलाई जस्तो खानपान र जीवन शैलीको भए पनि जुजुमान भएकोमा गर्व गर्छ । प्रस्तुत कथाको घटनाक्रम अघि बढ्दै जाँदा ऊ परिचयको सङ्कटमा फस्दै गएको छ र अन्त्यमा पुग्दा ऊ परिचयहीनझैँ बनेको छ । उसले आफूलाई सङ्टग्रस्त अवस्थामा पाएको छ । उसमा साढुभाइको तहमा पुग्ने

मोह जागेको छ । साढुभाइको वर्गमा पुग्न नसक्नु र आफ्नै वर्गीय परिचयमा पनि नरमाउनुले जुजुमान भ्रमपूर्ण अवस्थामा परेको छ । आफू को हुँ को सङ्कटमा परेको जुजुमान यस कथाको अन्त्यमा पुग्दा स्वको परिचयमा कत्ति पनि आनन्दित हुन सकेको छैन । मानव अचेतन सजिलै बोध गर्न नसकिने विषयझैं जुजुमानले पनि आफैलाई न चिनाउन सकेको छ न आफू यही हुँ भनेर खुसी हुन सकेको छ । कथाको अन्त्यसम्मै रहेको उसको बेचैनीले उसले आफूलाई चिन्न नसकेको बोध हुन्छ ।

## परिचयको दुविधा

जुजुमान पात्रमा परिचयको दुविधामा रहेको द्वन्द्वग्रस्त मनस्थिति छ । कथाको सुरुमा नै पात्रको द्वन्द्वपूर्ण मनस्थिति देखिन्छः "त्यसो होला भन्ने मलाई केही थाहा थिएन" ('गोठाले', २०५२, पृ. १६३) । यस पङ्क्तिले कथाभरि जुजुमानको मनस्थितिमा रहेको परिचयको दुविधालाई सङ्केत गरेको छ । साढुसँग आर्थिक तथा सामाजिक तहमा सामानता बोध नगरेको उसमा नातागत समानता रहेको वा नरहेको भन्ने दुविधा रहेको देखिन्छ । पारिवारिक नातामा आफूभन्दा सानो व्यक्तिलाई नमस्कार नगर्नु पर्ने अवस्थामा पनि ऊ दुविधामा परेको छ । सामाजिक र आर्थिक हैसियत ठुलो भएको मानिएको साढुभाइलाई अचेतनमा रहेर नमस्कार गर्नु उसमा रहेको यही दुविधाको प्रमाण हो : "त्यो मानिस मेरो सालीको लोग्ने । बसेर विचार गर्दै म सरमाएँ, ऊ त मभन्दा कान्छो, मैले पहिले किन गरेँ ! होइन तर उसले पहिले नमस्ते गरेजस्तो छ । जे भए पनि ठुलो मानिस हो । कसरी म अलमलिएँ" ('गोठाले', २०५२, पृ. १६९) । जुजुमान सहरमा सालीको छोराको पास्नीभोजमा जाने या नजाने दुवै अवस्थामा असन्तुष्ट रहेको छ । जाँदा पनि आफ्नो अवस्था र आर्थिक हैसियतमा आफू खुसी हुन सकेको छैन र नजाँदा पनि उनीहरूसँगको सम्बन्धमा चिसोपन आउला वा ठुला मानिससँगको आफ्नो सम्बन्धमा कुनै असर नपरोस् भन्ने चाहेको छ । आफैले लगाएका लुगासँग सन्तुष्ट भएको भाव प्रकट गरे पनि त्यसको गुणस्तरका बारेमा अरुका लुगासँग बारम्बार तुलना गर्नुले उसमा रहेको असन्तुष्टि प्रमाणित हुन्छ । जुजुमान पाहुनाहरूसँग सँगै बस्न र उनीहरूसँग सहअस्तित्व बोध गर्न नसकेको देखिन्छ । सबै बसेको मेचमा गएर नबसी झ्यालको भुइँमा बसेर आफूलाई जहाँ बसे पनि जुजुमान हुँ भन्ने ठान्नुमा ऊ आफै परिचयको दुविधामा परेको देखिन्छ ।

सामाजिक अवस्थाका कारण मानिस जीवनभर परिचयको सङ्कटमा रहन्छ र ऊ द्वन्द्वग्रस्त मनस्थितिमा आफ्नो पहिचानको बेमेल मनस्थितिमा रुमलिरहेको हुन्छ (उप्रेती, २०६९, पृ. ५६) । यस कथामा जुजुमान कुनै पनि अवस्थासँग सन्तुष्ट बन्न नसकेको द्वन्द्वग्रस्त मनस्थिति रहेको छ । जुजुमान आफ्नो जीवनका कुनै पनि परिचयसँग सन्तुष्ट नहुनु वा आकर्षित भएजस्तो देखिएर पनि पुनः विकर्षित नै रहेको अवस्थालाई लकानेली परिकल्पना पद्धतिको ल-होम्लोटसँग तुलना गरी बुझ्न सकिन्छ । जुजुमान पनि लकानेली ऐना प्रकरणबाट सुरु भई जीवनभर चलिरहने परिकल्पना पद्धतिको साङ्केतिक ऐनाभित्र पीडादायक बेमेलको अनुभूति गरिरहको जस्तै देखिन्छ । जुजुमानमा साढुको जीवनप्रति आकर्षण र विकर्षण हुँदै पीडित हुने क्रमको निरन्तरता पाइन्छ । पात्रको यस्तो अवस्थाले लकाँको जीवनभर चलिरहने द्वन्द्वमय परिकल्पना पद्धतिलाई प्रष्ट पारेको छ ।

## निष्कर्ष

मनोविश्लेषणात्मक सिद्धान्तको एउटा महत्त्वपूर्ण धारा लकानेली मनोविश्लेषण हो । लकाँको चेतन/अचेतनको धारणा फ्रायडेली मान्यतामा आधारित हुँदाहुँदै पनि लकाँले व्यक्तिगत मनोविज्ञानलाई यौनसँग मात्र नजोडी भाषागत संरचना तथा त्यस परको सामाजिक संरचनासँग जोडेर हेरेका छन् । मनोविश्लेषणमा आधारित आख्यानका चरित्रहरूलाई लकाँको यस दृष्टिकोणलाई आधार बनाएर हेर्न सकिन्छ । गोविन्द 'गोठाले' का कथा पनि लकानेली परिकल्पना पद्धतिका प्रयोगका दृष्टिले अध्ययनीय रहेका छन् र यस दृष्टिले सबल पनि छन् । उनको 'म जुजुमान' कथाको पात्र जुजुमानमा परिकल्पना पद्धतिको प्रयोगले गर्दा विशिष्ट बन्न पुगेको छ । जुजुमानले आफूलाई निम्न

वर्गको सामान्य व्यक्तिका रूपमा समाजमा स्थापित गर्न त खोज्छ तर परिवर्तित जीवनशैलीप्रति पनि मोह राख्दै आफ्नो परिचयमा द्वन्द्वरत रहन्छ । ऊ साढुसँग आत्मीयता र दूरी दुवैको भावमा देखिएको छ । उसले आफूलाई जुजुमान हुँ भने पनि कथाको अन्त्यमा भ्रममा पुगेको छ । आफ्नो घर फर्केर खान पनि नसक्नुले उसले आफ्नै परिचय अस्वीकार गरेको अवस्थामा मात्र पुगेको छैन मरेकी आमा, बाल्यकालका दिन आदि सम्झेर झन् भ्रमपूर्ण मनस्थितिमा पुगेको छ । यो द्वन्द्व, अलमल र परिचयको अस्पष्टता लकानेली मनोविश्लेषणमा व्याख्या गरिएको परिकल्पना-पद्धतिका अनुकूल छ र यसबाट म जुजुमान कथामा परिकल्पना-पद्धतिको सशक्त प्रयोग भएको छ भन्ने पुष्टि हुन्छ । यस्तो प्रयोगले म जुजुमान कथाको चरित्र विशिष्ट बन्न पुगेको र कथानकमा कुतूहलता थपिन पुगेको छ । परिकल्पना-पद्धतिको प्रयोगले चरित्रगत विशिष्टतामार्फत 'गोठाले' को म जुजुमान कथा जीवन्त बन्न पुगेका छ भने यस कथाले सामाजिक मनोविज्ञानबाट २००७ साल वरपरको सङ्क्रमणकालीन राजनीतिक समय र समाजलाई पनि चिनाउन सकेको छ ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा.* चौथो संस्करण. काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

इभान्स, डाइलान/Dylan Evans (1996). An Introductory Dictionary of Lacanian Psychoanalysis. London & New York : Routledge.

क्यासल, ग्रेगरी/Gregory, C. (2007). *Literary Theory*. Malden: Blackwell Publishing.

क्लार्क, मिसेल पी./Michael P. Clark (1994). Lacan, Jacques. *The Johns Hopkins guide to literary theory and crticism* (M. Groden & M. Kreiswirth (Eds). Baltimore and London: The Johns Hopkins University Press.

काफ्ले, रजनी (२०७३). *गोविन्द 'गोठाले' का कथामा मनोविश्लेषण.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।

'गोठाले' , गोविन्दबहादुर मल्ल (२०५२). *कथैकथा.* छैटौँ संस्करण. ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण. (२०७१) *उत्तर सिद्धान्त : अद्यतन चिन्तनका महान् पाश्चात्य प्रणेता.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

जामेल, टेरी/Terry Gamel (2009) http://www.academia.edu/1539509/Summary_of_Lacan_s_The_Mirror_Stage_as_Formative_of_the_Function_of_the_I_as_Revealed_in_Psychoanalytic_Experience_ (Retrieved on 2015, Nov 4).

त्रिपाठी, वासुदेव (२०५६/०५७). पाश्चात्य साहित्य सिद्धान्त र समालोचनापद्धतिको रूपरेखा. *वाङ्मय.* वर्ष ९, पूर्णाङ्क ९, पृ. ६४-९५ ।

बराल, कृष्णहरि (२०६८). *मनोविश्लेषण र साहित्य.* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

लकाँ, ज्याक/Jacques Lacan (1997). *Ecrits: A Selection*. Trans. Alan Sheridan. New York: W.W. Norton & Company.

लिच, भिन्सेन्ट बी./Vincent B. Leitch (2001). *The Norton Anthology: Theory and Criticism*. New York and London: W.W. Norton and Company.

हबिब, एम. ए. आर./M.A.R. Habib (2008) *Modern Literary Criticism and Theory*. Malden: Blackwell publishing.